पाठ - १ एकाइ- १० (अर्थतन्त्र र विकास)

Page १४८

## नेपालको अर्थतन्त्रका आधार र विशेषताहरु

# अर्थतन्त्र / अर्थव्यवस्था :-

अर्थतन्त्र भनेको उत्पादन, उपभोग (consumption), विनिमय (exchange), वितरण (distribution) र राजस्वको (tax) अन्तरसम्बन्धीत क्रियाकलापहरुको समष्टिगत संरचना हो। जसले दुर्लभ साधनहरुको उचित वितरण र सदुपयोग द्वारा मानवीय आवश्यकता परिपूर्ति गर्दछ।

# नेपालको अर्थतन्त्रका आधारहरु:- (१) कृषि (२) पर्यटन (३) उद्योग (४) जलस्रोत

# नेपालको अर्थतन्त्रका विशेषता:-

- निर्वाहमुखी कृषि प्रणाली हुनु, - पुँजी र स्रोत साधनका अभाव,
- औद्योगिकीकरणमा सुस्तता, - आयातमुखी अर्थतन्त्र,
- न्यून आय तथा जीवनस्तर, - आयमा असमानता।

अभ्यास,

(१.) ~~१.) धेरै प्रयास आर्थिक विकासको प्रयासका बावजुद पनि नेपालको अर्थतन्त्रले~~ ~~नेपाल प्राकृतिक रुपले धनी भएर पनि गरिबीको सामना गर्नु परिरहेको छ। यस विषयमा~~ ~~कत्ति~~ गति लिन सकेको देखिँदैन। यसका कारणहरु पहिल्याउनुहोस्।

→ धेरैवटा आर्थिक विकासको प्रयासका बावजुद पनि नेपालको अर्थतन्त्रले गति लिन सकेको देखिँदैन। यसका कारणहरु:

- निर्वाहमुखी कृषि प्रणाली हुनु:-

देशको धेरै जनशक्ति कृषि र पशुपालनमा संलग्न रहेको छ। परम्परागत सोच र प्रविधिमा आधारित निर्वाहमुखी कृषि प्रणाली कायम भएका कारण न्यून उत्पादकत्व अवस्था छ। कृषिमा आधुनिकीकरण र व्यवसायीकरण छैन जसका कारण अन्नहरु बाहिरी देशबाट आयात गर्नुपर्दछ।

- विप्रेषणमा निर्भर :-

हाम्रो देशका धेरै जनशक्तिहरु पैसा कमाउन विदेशिएका छन् र विदेशीले पठाएको पैसाले देश ~~चल्छ~~ चल्छ। यसलाई नै विप्रेषण भनिन्छ र अहिले सरकारको आम्दानीको स्रोत नै विप्रेषण भएको छ र देश यसमै निर्भर छ।

- हाम्रो देशमा जडिबुटी, खनिजहरुको मात्रा धेरै छ र हाम्रो देश जलस्रोतको दोस्रो धनी देश हो तरपनि देशमा दक्ष जनशक्ति र पुँजीको अभावका कारण देशमा रहेका स्रोत-साधनको उपयोग भएको छैन।

- शिक्षा क्षेत्रको अभावका कारण पनि व्यक्तिमा जान छैन। जसका कारण अर्थतन्त्रमा पनि असर पर्छ। दक्ष जनशक्ति नभएको देशमा बारम्बार सरकार परिवर्तन हुन्छ, व्यक्तिमा राजनीतिक ज्ञानको कमी हुन्छ। जसका कारण विकासका काममा ढिलासुस्ती हुन्छ।

- औद्योगिकीकरणमा सुस्तता :-

नेपालको उद्योगहरुको विकासको गतिमा/सुस्त रहेको छ। जसका कारण अर्थतन्त्रलाई बलियो बनाउन सम्भव छैन।

(२.) नेपालको अर्थतन्त्रका सबल र कमजोर पक्षहरु पहिल्याई नेपालको अर्थतन्त्रलाई सुदृढ गर्ने उपायहरु लेख्नुहोस्।

→ नेपालको अर्थतन्त्रका सबल पक्षहरु:-

१) प्राकृतिक स्रोतहरु:- जलविद्युत उत्पादनका प्रचुर सम्भावना, पर्यटकीय स्थलहरु र जैविक विविधता।

२) युवा जनशक्ति :- वैदेशिक रोजगारमा गएका युवाबाट रेमिट्यान्स आपूर्ति, श्रमशक्ति धनी देश।

३.) कृषि क्षेत्रको सम्भावना :- जैविक कृषि, बहुमूल्य जडीबुटी र उन्नत खेतीको सम्भावना।

४.) भूगोल र रणनीतिक स्थान:- भारत र चीन जस्ता विशाल बजारको बीचमा अवस्थित।

५.) सांस्कृतिक सम्पदा र पर्यटन :- विश्व सम्पदा सूचीमा सूचीकृत ~~स~~ स्थलहरु, धार्मिक पर्यटनको उच्च सम्भावना।

⇒ नेपालको अर्थतन्त्रका कमजोर ~~प~~ पक्षहरु: -

१) उत्पादनशील क्षेत्रमा कमजोर लगानी

२) वैदेशिक रोजगारीमा निर्भरता

३) निर्यातभन्दा आयात अत्याधिक उच्च, व्यापार घाटा,

४) पूर्वाधार विकासमा कमजोर (यातायात, ऊर्जाको न्यून विकास)

५.) कृषि क्षेत्रमा आधुनिकीकरणको अभाव।

(नेपालको अर्थतन्त्रलाई सुदृढ बनाउने उपायहरु :-)

- आधुनिकीकरण र औद्योगीकरण:-

कृषि क्षेत्रमा प्रविधि भित्र्याउने, साना तथा मझौला उद्योगलाई प्रवर्द्धन गर्ने।

- स्थानीय उत्पादनलाई प्रवर्द्धन :-
  'made in Nepal' अभियानलाई बलियो बनाउने र निर्यातमुखी उद्योगहरू सञ्चालन गर्ने।
- ऊर्जा उत्पादन र उपयोगमा वृद्धि:-
  जलविद्युत उत्पादन विस्तार गरी उद्योग र व्यापारमा प्रयोग गर्ने।
- पर्यटन क्षेत्रको विस्तार :-
  आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्ने र सेवा, पूर्वाधारको विकास गर्ने।
- स्वदेशी उत्पादन वृद्धि गरी आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने।
- भौतिक पूर्वाधारमा लगानी:-
  यातायात, सूचना प्रविधि, स्वास्थ्य र शिक्षा क्षेत्रमा गुणस्तरीय पूर्वाधार विकास गर्ने।

---

पाठ - ९

अभ्यास,

१) आर्थिक विकासमा सार्वजनिक, निजी र ~~सम~~ सहकारी क्षेत्र एकअर्काका परिपूरक हुन्। यस भनाइलाई पुष्टि गर्नुहोस्।

→ ~~[illegible]~~ सार्वजनिक, निजी र सहकारी क्षेत्र आर्थिक विकासका महत्त्वपूर्ण आधार हुन् जसले एकअर्काको पूरक भूमिका खेल्छन्। सार्वजनिक क्षेत्रले पूर्वाधार, शिक्षा, स्वास्थ्य र कानुन व्यवस्था जस्ता सेवाहरू प्रदान गर्छ, जसले आर्थिक क्रियाकलापको आधार तयार गर्छ। सरकारको नीतिगत व्यवस्थापनले आर्थिक स्थिरता कायम राख्न मद्दत गर्छ, जसले निजी तथा सहकारी क्षेत्रलाई सहज वातावरण प्रदान गर्छ।

निजी क्षेत्रले उद्यमशीलता, नवप्रवर्तन र रोजगारी सिर्जना गरी अर्थतन्त्रलाई गतिशील बनाउँछ। निजी कम्पनीहरू उत्पादनशीलता बढाउन प्रविधि र पुँजी परिचालनमा दक्ष हुन्छन्, जसले आर्थिक वृद्धिलाई द्रुत बनाउँछ। तर, निजी क्षेत्र एक्लैले समाजका सबै वर्गलाई समेटन नसक्ने हुनाले सहकारी क्षेत्रले त्यसमा सन्तुलन ल्याउँछ।

सहकारी क्षेत्रले सामूहिक लगानी र सहकार्यद्वारा विशेष गरी ग्रामीण तथा साना व्यवसायहरूलाई सशक्त बनाउँछ। यसले समान अवसर प्रदान गर्दै समाजका वञ्चित वर्गलाई आर्थिक गतिविधिमा सहभागी गराउँछ। यसरी सार्वजनिक, निजी र सहकारी क्षेत्र आपसी सहयोग र समन्वयका माध्यमबाट आर्थिक विकासका परिपूरक अंग बन्न पुग्छन्।

---

२) के सहकारीहरूले सहकारीको मूल्य, मान्यता र सिद्धान्तहरूको पूर्णपालना गरेका छन्? विभिन्न सञ्चारका स्रोतहरूबाट सूचना सङ्कलन गरी समीक्षा गर्नुहोस् र सुझाव दिनुहोस्।

→ नेपालमा अधिकांश सहकारी संस्थाहरूले सहकारीका मूल्य, मान्यता र सिद्धान्तहरूको पालना गर्दै आएका छन्। तथापि केही सहकारीहरूले यी सिद्धान्तहरूको उल्लङ्घन गरेको देखिन्छ। उदाहरणका लागि कतिपय सञ्चालकहरू एकलौटी निर्णय गर्ने, पारदर्शिता नअपनाउने र सदस्यहरूको सहभागिता कम गराउने जस्ता क्रियाकलापमा संलग्न भएको पाइन्छ।

- शिक्षा र तालिमको प्रवर्द्धन : सदस्यहरू र सञ्चालकहरूलाई सहकारीका सिद्धान्त, मूल्य र मान्यताका बारेमा नियमित तालिम प्रदान गर्नु आवश्यक छ।
- सदस्यहरूको आर्थिक सहभागिता : सदस्यहरूले पुँजीमा योगदान गर्नुका साथै निर्णय प्रक्रियामा सक्रिय सहभागिता जनाउनु पर्दछ।
- सहकारी संस्थाहरूले कानुनी र नैतिक मान्यताहरूको पालना गर्दै आफ्नो निर्णयहरू स्वायत्त (निश्चित नियम, कानुनी दायरा भित्र रहँदै) रूपमा गर्नुपर्छ।

यी उपायहरू अपनाएर, सहकारी संस्थाहरूले आफ्ना मूल्य मान्यता र सिद्धान्तहरूको पूर्ण पालना गर्दै समाजमा सकारात्मक योगदान दिन सक्नेछन्।

---

३) 'निजी क्षेत्र, सहकारी र सार्वजनिक क्षेत्रबिचको साझेदारीबाट नै आर्थिक विकास हुन सक्छ।' यस भनाइप्रति आफ्नो धारणा प्रस्तुत गर्नुहोस्।

→ आर्थिक विकासका लागि निजी क्षेत्र, सार्वजनिक क्षेत्र र सहकारी क्षेत्र बिचको सहकार्य आवश्यक छ। सार्वजनिक क्षेत्रले नीतिगत ढाँचा, पूर्वाधार र कानुनी संरचना उपलब्ध

गर्दछ, जसले अन्य क्षेत्रलाई आर्थिक गतिविधि सञ्चालन गर्न सहज बनाउँछ। सडक, बिजुली, स्वास्थ्य सेवा र शिक्षा जस्ता आधारभूत सुविधाहरू सरकारको पहलमा उपलब्ध भए मात्र अन्य क्षेत्रहरूले प्रभावकारी रूपमा कार्य गर्न सक्छन्।

निजी क्षेत्रले लगानी, प्रविधि र व्यवस्थापनको दक्षता प्रयोग गरी रोजगारी सिर्जना गर्दैर आयकारशीलता बढाउँछ। व्यापारिक प्रतिस्पर्धाले नवप्रवर्तनलाई प्रवर्द्धन गर्छ, जसले अर्थतन्त्रलाई बलियो बनाउँछ। तर, निजी क्षेत्रले मात्र सबै वर्गलाई आर्थिक लाभ दिन सक्दैन, जसलाई सहकारी क्षेत्रले सन्तुलन गर्छ। सहकारीले सामूहिक लगानी, साना व्यवसायको प्रवर्द्धन र ग्रामीण विकासमा टेवा पुर्‍याउँछ।

यी तीन क्षेत्रबीचको साझेदारीले आर्थिक स्रोतहरूको प्रभावकारी परिचालन गर्न मद्दत गर्छ। सरकारी नीतिहरू, निजी क्षेत्रको लगानी र सहकारीको सामाजिक समावेशिताले समावेशी र दिगो आर्थिक विकास सम्भव बनाउँछ। तसर्थ, यी क्षेत्रहरू बीचको समन्वय र सहकार्यले मात्रै दीर्घकालीन आर्थिक समृद्धि ल्याउन सक्छ।

---

## पाठ-३ (विप्रेषण र नेपाली अर्थतन्त्र)

अभ्यास

१.) नेपालको अर्थतन्त्रमा विप्रेषणको महत्वपूर्ण भूमिका रहेको छ। विप्रेषण रकम नभए नेपालको आर्थिक अवस्था कस्तो हुन्थ्यो होला आफ्ना तर्कहरू दिनुहोस्।

> नेपालको अर्थतन्त्रमा विप्रेषणले ठूलो भूमिका खेल्छ। विप्रेषण भनेको विदेशमा काम गर्ने नेपालीहरूले आफ्नो परिवारलाई पठाउने पैसा हो। यो पैसा पाउने धेरै नेपाली परिवारहरूको जीवनस्तर सुधार भएको छ।

विप्रेषण नभए नेपाल कस्तो हुन्थ्यो?

१) रोजगारीको समस्या - अहिले धेरै नेपाली विदेशमा काम गर्छन्। उनीहरूले पैसा नेपाल पठाउँछन्। यदि विप्रेषण नभएको भए, धेरै मानिस बेरोजगार हुन्थे।

२) गरिबी बढ्ने थियो - धेरै परिवारको खर्च विप्रेषणबाट चल्छ। यदि यो पैसा न-आएको भए, धेरै मानिस गरिब हुने थिए।

३) घरेलु व्यापार कमजोर हुन्थ्यो - मानिससँग पैसा नहुँदा व्यापार चल्दैन। बजारमा ग्राहकहरू कम हुन्थे।

४) शिक्षा र स्वास्थ्यमा असर पर्थ्यो - धेरै परिवारले विप्रेषणबाट कमाएको पैसाले छोराछोरीलाई राम्रो विद्यालयमा पढाउँछन्। अस्पतालमा उपचार गराउँछन्।

५.) सरकारलाई कर संकलन गर्न गाह्रो हुन्थ्यो - सरकारले व्यापार र उद्योगबाट कर उठाउँछ। यदि व्यापार कमजोर भए, सरकारले कम कर उठाउने थियो।

६.) मूल्य वृद्धि हुन सक्थ्यो - यदि विप्रेषण नआएको भए, बजारमा पैसाको अभाव हुन्थ्यो र सामानहरूको मूल्य महँगो हुन्थ्यो।

७.) वैदेशिक ऋणमा निर्भरता बढ्ने थियो - नेपालले विकास गर्न ऋण लिन्छ। विप्रेषण नभए सरकारले अझ बढी ऋण लिनुपर्ने हुन्थ्यो।

यदि, विप्रेषण नभएको भए, नेपालमा गरिबी, बेरोजगारी र आर्थिक समस्या धेरै हुन्थ्यो। त्यसैले नेपालले दीर्घकालीन रूपमा स्वदेशमै रोजगारी सिर्जना गर्नुपर्छ, जसले गर्दा विदेश जानुपर्ने आवश्यकता कम हुन्छ।

# विप्रेषणको सकारात्मक र नकारात्मक प्रभावहरू लेख्नुहोस्:-

→

| सकारात्मक प्रभाव | नकारात्मक प्रभाव |
|---|---|
| १.) परिवारको आर्थिक स्थिति सुधार हुन्छ। | (१) दक्ष तथा युवा जनशक्ति विदेशिने भएकोले श्रमशक्तिको अभाव हुन्छ। |
| २.) घर निर्माण, शिक्षा र स्वास्थ्यमा लगानी बढ्छ। | (२.) कृषि तथा उद्योगमा श्रमिक अभाव हुन्छ। |
| ३.) व्यापार र व्यवसाय चलायमान हुन्छ। | (३.) विप्रेषणमा अत्यधिक निर्भरता बढ्छ। |
| ४.) बैंक तथा वित्तीय संस्थामा पैसा सञ्चय हुन्छ। | (४.) आयात बढ्ने भएकोले व्यापार घाटा हुन सक्छ। |
| ५.) आधुनिक प्रविधि र सीप सिक्ने अवसर मिल्छ। | (५.) दीर्घकालीन रूपमा अर्थतन्त्र कमजोर बनाउन सक्छ। |
| ६.) गरिबी घटाउन मद्दत गर्छ। | (६.) विदेशी मुलुकमा श्रमिक शोषणको समस्या हुन सक्छ। |

२) विप्रेषण रकम आपादनभन्दा उपभोगमा खर्च भएको अवस्थामा यसको सदुपयोग कसरी गर्न सकिन्छ, बुँदागत रूपमा सुझाव दिनुहोस्।

→ विप्रेषण रकम आपादनभन्दा उपभोगमा खर्च भएको अवस्था भन्नाले विदेशबाट आएको पैसा आम्दानी बढाउने (उत्पादनमूलक) क्षेत्रमा लगानी गर्नुको साटो दैनिक उपभोगका वस्तु तथा विलासी सामान किन्न, फजुल खर्च गर्नु हो।

विप्रेषणको सदुपयोग गर्ने उपायहरू:-

१.) कृषि तथा पशुपालनमा लगानी गर्ने - आधुनिक खेती तथा व्यावसायिक पशुपालनमा लगानी गर्न सकिन्छ।

२.) उद्योग तथा व्यापारमा लगानी गर्ने - आयआर्जन गर्ने साना व्यवसाय खोल्नुपर्छ।

३.) शिक्षा र सीपमूलक तालिममा खर्च गर्ने - आफू र परिवारका सदस्यलाई व्यावसायिक तालिम तथा उच्च शिक्षा दिलाएर दीर्घकालीन आम्दानीको स्रोत बनाउने।

४.) बचत तथा बैंकिङ प्रणालीको उपयोग गर्ने - कमाइको केही हिस्सा बचत गरी भविष्य सुरक्षित बनाउनुपर्छ।

५.) स्थानीय उत्पादन तथा उद्यमशिलता प्रवर्द्धन गर्ने - घरमै रोजगारी सिर्जना गर्न लघु उद्यम तथा उत्पादनमूलक काममा लगानी गर्नुपर्छ।

६.) अनावश्यक विलासी खर्च घटाउने - अत्याधिक विलासी वस्तुहरूमा खर्च नगरी उपयोगी क्षेत्रमा लगानी गर्नुपर्छ। (महँगा विलासी सामानहरू : गाडी, ब्रान्डेड लुगा आदिमा खर्च नगर्ने।

---

पाठ:-४ (स्थानीय, औपचारिक र अनौपचारिक कारोबार)

अभ्यास

'अनौपचारिक कारोबार पद्धति बढ्नाले राज्यको अर्थतन्त्र डामाडोल हुन्छ र सामाजिक अस्थिरता पैदा हुन्छ।' यस भनाइलाई पुष्टि गर्नुहोस्।

अनौपचारिक कारोबार पद्धति बढ्नाले राज्यको अर्थतन्त्र कमजोर हुन्छ किनकि यसले कर प्रणालीलाई कमजोर बनाउँछ। सरकारलाई आवश्यक कर उठाउन नसक्दा विकास निर्माणका कामहरू प्रभावित हुन्छन्। सार्वजनिक सेवाहरू जस्तै शिक्षा, स्वास्थ्य र पूर्वाधार निर्माणमा बजेट अभाव हुन्छ, जसले समग्र आर्थिक वृद्धिमा बाधा पुर्‍याउँछ।

यसले सामाजिक अस्थिरता (समाजमा असमानता, द्वन्द्व, अशान्ति) पनि ल्याउँछ किनभने अनौपचारिक क्षेत्रमा काम गर्ने मजदुरहरूले कानुनी सुरक्षा पाउँदैनन्। उनीहरूलाई न्यूनतम तलब हुन्छ र सामाजिक सुरक्षा र अन्य अधिकारहरू प्राप्त हुँदैन। साथै अनौपचारिक कारोबारमा कालो धनको प्रयोग बढ्दो हुन्छ, जसले भ्रष्टाचार र आर्थिक असमानता बढाउँछ।

यदि अनौपचारिक कारोबार नियन्त्रण गरिएन भने सामाजिक असन्तोष बढ्न सक्छ। आम नागरिकले अवसरको असमानता महसुस गर्दा आपराधिक गतिविधि बढ्ने सम्भावना हुन्छ। यसकारण, सरकारलाई कर प्रणालीलाई सुदृढ पार्न, अनौपचारिक अर्थतन्त्रलाई व्यवस्थित गर्न र नागरिकको हित सुरक्षित गर्न ध्यान दिनु आवश्यक छ।

---

२) तलको प्रश्नको उत्तर दिनुहोस् :

- स्थानीय कारोबारलाई औपचारिक कारोबारमा रूपान्तरण गर्ने उपाय:
  - व्यवसाय दर्ता प्रक्रिया सरल बनाउने, — व्यावसायिक शिक्षा र तालिम प्रदान गर्ने
  - वित्तिय पहुँच वृद्धि गर्ने, — नियम र कानुनी संरचना सुदृढ बनाउने
  - कर प्रणालीमा सहुलियत प्रदान गर्ने,
  - डिजिटल कारोबार प्रवर्द्धन गर्ने,

- अनौपचारिक कारोबारलाई नियन्त्रण गर्ने उपाय:-
  - व्यवसाय दर्ता अनिवार्य बनाउने,
  - बैंकिङ तथा डिजिटल भुक्तानीको प्रवर्द्धन गर्ने,
  - सजिलै ऋण उपलब्ध गराउने (सस्तो ब्याजदरमा ऋण दिने)।
  - व्यवसाय सञ्चालनसम्बन्धी तालिम दिने
  - नियम उल्लङ्घन गर्नेहरूलाई कारबाही गर्ने
  - कर प्रणालीलाई सरल र सुलभ बनाउने।

• औपचारिक कारोबारलाई व्यवस्थित गर्ने उपाय:-

- कानूनी दर्ता (नियमअनुसार सञ्चालन गर्नुपर्ने),
- लेखा प्रणाली मिलाउने - आम्दानी, खर्च र कर विवरण स्पष्ट राख्न प्रभावकारी लेखा प्रणाली अपनाउने)।
- व्यवस्थित कागजात राख्ने - सबै कानूनी, वित्तिय र व्यवसाय सम्बन्धि कागजात सुरक्षित र सुव्यवस्थित राख्नुहोस्।
- स्टाफ व्यवस्थापन।
- डिजिटल प्रविधिको प्रयोग।
- ग्राहकहरूलाई प्रभावकारी सेवा प्रदान गर्ने।

---

3.) औपचारिक कारोबारलाई देशको अर्थतन्त्र विकासको मुख्य आधार मानिन्छ, किन?

→ औपचारिक कारोबारलाई देशको अर्थतन्त्र विकासको मुख्य आधार मानिन्छ किनभने यसले आर्थिक स्थिरता र समृद्धि ल्याउँछ जब कारोबार कानूनी रूपमा दर्ता हुन्छ, सरकारले त्यसबाट कर संकलन गर्न सक्छ। संकलित कर शिक्षामा स्वास्थ्यमा, पूर्वाधार निर्माणमा र अन्य विकास कार्यमा लगानी गरिन्छ, जसले देशको समग्र प्रगति गर्छ।
औपचारिक कारोबारले रोजगारी सिर्जना गर्छ, जसले जनताको आय वृद्धि गराउँछ र जीवनस्तर सुधार गर्छ। साथै, यसले वित्तीय प्रणालीलाई पारदर्शी बनाउँछ, जसले भ्रष्टाचार न्यूनीकरण गर्न मद्दत गर्छ। व्यवस्थित कारोबार प्रणालीले उत्पादनशीलता बढाउछ र प्रतिस्पर्धात्मक बजार विकास गर्न मद्दत गर्छ यसले स्थानीय र अन्तर्राष्ट्रिय व्यापार विस्तार गर्न मार्ग खोल्छ। तसर्थ, औपचारिक कारोबारले देशको अर्थतन्त्रलाई बलियो बनाउँदै दीर्घकालिन आर्थिक वृद्धि सुनिश्चित गर्छ

---

4.) स्थानीय कारोबारलाई सबल र प्रभावकारी बनाउन के गर्नुपर्छ?

→ स्थानीय कारोबारलाई सबल र प्रभावकारी बनाउनका लागि विभिन्न उपायहरू अवलम्बन गर्न आवश्यक छ। सफल व्यवसाय सञ्चालनका लागि निम्न कुँदाहरू महत्वपूर्ण छन्:-

1) स्थानीय स्रोत र सामग्रीको उपयोग :- स्थानीय स्तरमा उपलब्ध कच्चा पदार्थ, जनशक्ति तथा अन्य स्रोतहरूको अधिकतम उपयोग गरेर लागत घटाउन सकिन्छ, यसले उत्पादनलाई प्रभावकारी बनाउने मात्र नभई स्थानीय अर्थतन्त्रलाई समेत प्रवर्द्धन गर्छ
2) प्रविधिको उचित उपयोग: डिजिटल मार्केटिङ, सामाजिक सञ्जाल तथा अनलाइन प्लेटफर्मको माध्यमबाट व्यवसायलाई प्रवर्द्धन गर्न सकिन्छ। यसले बजार विस्तार गर्न मदत गर्छ।
3) ग्राहक सन्तुष्टि र सेवा सुधार:- ग्राहकको आवश्यकताअनुसार सेवा तथा उत्पादन प्रदान गर्ने, गुणस्तरीय सेवा दिनु आवश्यक छ।
4) लगानी तथा वित्तिय व्यवस्थापन।
5.) व्यवसायीहरूबिच सहकार्य: स्थानिय व्यवसायीहरू मिलेर सहकारी वा समूह निर्माण गर्ने, व्यवसायीक संघहरूमा सक्रिय रहने तथा साझा प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न महत्वपूर्ण हुन्छ।
6.) वातावरणमैत्री व्यवसाय प्रवर्द्धन।
7.) स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्ने अभियान।

---

## पाठ-5 कृषि, उद्योग र निर्माण

अभ्यास,

1.) " नेपालमा कृषि र उद्योग एकअर्काका परिपूरक हुन्।" यस भनाइलाई पुष्टि गर्दै कृषिको व्यवसायीकरण र औद्योगिक विकासका उपायहरू प्रस्तुत गर्नुहोस्।

→ नेपालमा कृषि र उद्योग एकअर्काका परिपूरक हुन् किनभने कृषि उद्योगका लागि कच्चा पदार्थ उपलब्ध गराउने मुख्य स्रोत हो, भने उद्योगले कृषिको उत्पादनलाई प्रशोधन गरी मूल्य अभिवृद्धि गर्न मदत गर्छ। कृषिले खाद्य सामग्री कच्चा पदार्थ र रोजगारी प्रदान गर्छ, जसले औद्योगिक क्षेत्रलाई सहयोग गर्छ। उस्तैगरी, उद्योगले कृषिलाई प्रविधि, मल, बिउबिजन, औजार तथा बजारीकरणका अवसरहरू प्रदान गर्छ, जसले कृषि उत्पादन र आम्दानी बढाउँछ।

मुख्य समस्या भएकोले व्यवसायिक सोच भएका व्यक्तिहरूले रोजगारी सिर्जना गर्न पनि हुन्छ।

- तेस्रो, नवाचार (Innovation) को अवसर मिल्छ। व्यवसाय गर्ने व्यक्तिले नयाँ प्रविधि अपनाउने, उत्पादन सुधार गर्ने, नयाँ प्रविधियुक्त कृषि वा उद्योग सञ्चालन गर्ने अवसर पाउँछ। यसले अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न मद्दत गर्छ।

त्यसैले, शिक्षित युवाले केवल जागिर खोज्ने सोच राख्नु हुँदैन। बरु आफ्नै व्यवसाय सुरु गरेर आर्थिक रूपमा आत्मनिर्भर बन्नुपर्छ, जसले व्यक्तिगत प्रगति मात्र होइन, राष्ट्रको आर्थिक समृद्धिमा पनि टेवा पुर्‍याउँछ।

---

पाठ: ६ {नेपालमा श्रमशक्ति, रोजगारी र उद्यमशीलता} पेज : १६०

अभ्यास,

१) नेपालमा रोजगार प्रवर्धन गर्ने उपायहरूको खोजी गरी बुँदागत रूपमा सूची तयार पार्नुहोस्।

→ नेपालमा रोजगार प्रवर्धन गर्ने केही उपायहरू अपनाउन आवश्यक छ, ताकि देशका जनताहरू रोजगारको खोजीमा विदेशिनु नपरोस्।

१) कृषि आधुनिकिकरण :- प्रविधि प्रयोग गरेर कृषि उत्पादन बढाउने, व्यवसायिक कृषि तथा कृषि-आधारित उद्यमहरू प्रवर्द्धन गर्ने।

२) प्राविधिक तथा व्यावसायिक शिक्षा :- युवा श्रमिकहरूलाई तालिम तथा सीप विकास कार्यक्रमहरू उपलब्ध गराउने।

३.) साना तथा मझौला उद्यम प्रवर्द्धन :- स्वरोजगार र स्थानीय उत्पादन वृद्धि गर्न लगानी तथा सहुलियतपूर्ण (कम ब्याजदर भएको) ऋणको व्यवस्था गर्ने।

४.) पर्यटन उद्योग विस्तार :- नयाँ पर्यटकीय गन्तव्यहरूको प्रवर्द्धन, स्थानीय स्तरमा होमस्टे तथा सांस्कृतिक पर्यटनलाई प्रोत्साहन गर्ने।

५.) सूचना प्रविधि (IT) क्षेत्रको विकास।

६) उद्योग तथा निर्माण क्षेत्रको विस्तार।

---

२) नेपालको रोजगारीको अवस्थामा कसरी सुधार ल्याउन सकिन्छ?

→ नेपालको रोजगारीको अवस्थामा सुधार ल्याउनका लागि निम्न तरिकाहरू अपनाउन सकिन्छ:-

- जनसङ्ख्यालाई नियन्त्रण गर्दै जाने,
- रोजगारीका अवसरहरू सिर्जना गर्ने र रोजगारलाई प्राथमिकता दिने,
- कृषिलाई आधुनिकिकरण र व्यवसायीकीकरण गर्ने,
- साना तथा मझौली उद्योगको प्रवर्द्धन।
- नेपालका प्रमुख पर्यटकीय गन्तव्यहरूको प्रवर्द्धन (बढाउने) गर्ने, पर्यटनसँग सम्बन्धित सेवाहरूमा रोजगारीका अवसरहरू सिर्जना गर्ने।
- विभिन्न सिप विकास तालिम सञ्चालन गरी युवालाई स्वरोजगार बन्न सक्ने गरी तालिम दिने,
- उद्योग, निर्माण, सेवा सुरक्षा विस्तार गरी सरकारको खर्च वृद्धि गर्ने।
- ठूला उद्योगहरूको स्थापना गर्न बहुराष्ट्रिय कम्पनी वा विदेशी लगानी गर्न सुरक्षित वातावरण सिर्जना गर्ने।

---

५) 'आलस्य कार्यनाशाय, कृषिनाशाय निर्धनी' अर्थात जो व्यक्ति अल्छी गर्छ, त्यसको कार्य नाश हुन्छ वा बेइमली हुन्छ, बेइलमी भएपछि कृषिनाश हुन्छ, कार्य र कृषि नाश भए पछि निर्धन वा गरिब हुन्छ।" चाणक्य नीतिको यस भनाइलाई पुष्टि गर्ने एक कथाको ढाँचा तयार पार्नुहोस्।

→ एउटा गाउँमा शिवराम साहु थिए। उनको एउटा पसल थियो। पसलबाट आम्दानी गरी खेत जग्गा किने। उनका दुई जना छोराहरू पनि थिए। बलराम र अनुप। दुवै विद्यालयमा पढ्थे। साहुका जेठा छोरा पढ्न रुची गर्थे। कान्छा अनुपलाई खेल्न मनलाग्थ, बाटकमा घुम्ने गर्थे।

शिवराम बुढो हुँदै गए। दुवै छोरालाई बराबरी अंश बाँडिदिए। केही समय पछि उनको मृत्यु भयो। बाबुको मृत्यु पश्चात जेठा छोराले घरमै पसल गरे। खेतमा अन्न उत्पादन गर्ने, श्रीमतीलाई पनि खेतको काममा लगाउन थाले। उता कान्छा अनुपले अलि आधुनिक पाराकी श्रीमती विवाह गरे। अलि घुम्न रमाउने हुँदा अनुपले जीप किनेर गाउँसम्म यातयात सुविधा दिन थाले साथै सामान ओसारपसार पनि गर्न थाले। यसबाट राम्रै कमाइ भयो। जथाभावी खर्च गर्ने बानी पर्‍यो। श्रीमतीलाई महँगा कपडा, गहना किन्ने, मोबाइल, टिभी फेरिरहने गर्न थाले। पैसाको घमण्ड बढ्यो। खेत छोडेर बैंकको ऋण तिर्न सक्नन आम्दानी खर्चको हिसाब भएन। साँझ परेपछि रमाइलो गर्ने बानी दाजुले कमाइ खान भनी ५ कठ्ठा जग्गा दिए। आज दाजुसँग १६ कठ्ठा खेत छ र... कहिल्यै साथीको लहैलहैमा लागेनन्, कुलतमा फसेनन्। तर अनुप एकादेशमा अल्छी गर्थे - उ बेइलमी भए, त्यसपछि कार्य र कृषिनाश भएपछि गरिब भए।

---

४) हामी पनि नेपाली उद्यमीको सूचीमा दर्ता किन नहुने? यस शीर्षकमा एक लेख तयार पार्नुहोस्।

→ लेख

गोरखा पत्र

हामी पनि नेपाली उद्यमीको सूचीमा दर्ता किन नहुने?

उपमा घिमिरे — मिति: २०८१/१०/१२

नेपालको व्यावसायिक परिवेशमा उद्यमीको संख्या लगातार बढिरहेको छ। तथापि, धेरै मानिसहरू नेपाली उद्यमीको सूचीमा आफ्नो नाम दर्ता गर्न असफल हुन्। यसको मुख्य कारण भनेको सरकारी प्रणालीमा जटिलता र उद्यमशीलताको लागि उपयुक्त वातावरणको अभाव हो।

हामीलाई दैनिक उपयोगका लागि कतिपय सरसामानको आवश्यकता पर्छ। ती सामान पनि बाहिरबाट झिकाउनु पर्ने अवस्था छ। देशको जग्गा बाँझो हुने, सिचाइँ खाद्यान्न समेत आयात गर्नुपर्ने बाध्यता छ। यस्ता फलफूल, तरकारी, अन्न देशमै उत्पादन गर्न सक्यौं भने विदेशको भर पर्नु पर्दैन। यसका लागि उद्यमशील जनशक्ति चाहिन्छ।

देशको सक्रिय जनशक्ति मुलुकबाहिर छ। कृषि परम्परागत छ। यदि आवश्यक सेवा नै उपलब्ध भयो भने देशमा नै उत्पादन गर्न सकियो भने सोको लागि लगानी बढाउन सकियो भने उत्पादन वृद्धि भई राष्ट्रिय अर्थतन्त्रको विकास हुन्छ। हामी नेपाली पनि र विकासित देशमा सूचिकृत हुन्छौं। वस्तु तथा सेवा उत्पादन गर्ने विभिन्न स्रोतसाधन त्यसैले उत्पादन प्रवर्धनमा जोड दिई बजार व्यवस्था गरी खाद्यान्नमा र तरकारी फलफूलमा आत्मनिर्भर बन सके हामी पनि उद्यमीको दर्तामा सूचिकृत हुन्छौं। वस्तु तथा सेवाको निरन्तरता प्राप्त हुन्छ राष्ट्रियको उन्नति साथै समृद्धि प्राप्त हुन्छ।

हामी पनि उद्यमी सूचीमा दर्ता भई देशको विकास र आफ्नो उज्जवल भविष्यको लागि सोच्नु पर्छ।

6 (सरकारी वित्त)

२) देश निर्माणमा सरकारी खर्चको भूमिका विषयमा एक लेख तयार पार्नुहोस्।

लेख

→ गोरखा पत्र

देश निर्माणमा सरकारी खर्चको भूमिका।

उपमा घिमाल, मिति :- २०८१/११/२१

देश निर्माणमा सरकारी खर्चको भूमिका महत्वपूर्ण हुन्छ किनभने सरकारको लगानीले पूर्वाधार निर्माण, शिक्षा, स्वास्थ्य, रोजगार सिर्जना तथा आर्थिक वृद्धि जस्ता क्षेत्रहरूलाई प्रत्यक्ष रूपमा प्रभावित गर्दछ। सरकारको मुख्य आम्दानी स्रोत कर, भन्सार तथा अन्य राजस्वहरू हुन्, जुन आम जनताबाट सङ्कलन गरिन्छ र त्यसैबाट विभिन्न विकास परियोजनाहरू सञ्चालन गरिन्छ। सडक, पुल, अस्पताल, विद्यालय तथा सार्वजनिक यातायात प्रणाली निर्माण जस्ता कार्यहरू सरकारी खर्चबाट सम्भव हुन्छन् यी संरचनाहरू बिना कुनै पनि देशको दीर्घकालीन विकास सम्भव ~~हुन्छ~~ छैन। ~~यी संरचनाहरू बिना कुनै पनि देशको दीर्घका~~ त्यसैले सरकारले सही ढाँचा खर्च गरेमात्र देशको समग्र प्रगति हुनसक्छ।

सरकारी खर्चले सामाजिक सेवाहरूको स्तर सुधार गर्न महत्वपूर्ण भूमिका खेल्छ। शिक्षा तथा स्वास्थ्य क्षेत्रमा लगानी गर्दा दक्ष जनशक्ति उत्पादन हुनसक्छ, जसले समग्र अर्थतन्त्रलाई बलियो बनाउँछ। उदाहरणका लागि सरकारले सार्वजनिक विद्यालय तथा विश्वविद्यालयहरूमा लगानी गर्दा गरिब तथा मध्यम वर्गीय परिवारका बालबालिकाले गुणस्तरीय शिक्षा प्राप्त गर्न सक्छन्। त्यस्तै अस्पताल तथा स्वास्थ्य चौकीहरूमा लगानी गर्दा आधारभूत स्वास्थ्य सेवा सबै नागरिकलाई उपलब्ध हुन्छ, जसले दीर्घकालीन रूपमा श्रम शक्ति वृद्धि गर्न सहयोग गर्दछ। यसैगरी, सरकारले कृषि, उद्योग तथा साना व्यवसायहरूलाई सहयोग पुर्याउने कार्यक्रमहरू सञ्चालन गर्दा उत्पादन वृद्धि भएर देशको आर्थिक अवस्था सुधार हुनसक्छ।

तर, सरकारी खर्चको सही व्यवस्थापन नभएमा देशको विकासमा अवरोध (बाधा/समस्या) आउनसक्छ। सरकारी बजेटलाई पारदर्शी ढङ्गले व्यवस्थापन गर्न सकेमा मात्र प्रभावकारी विकास सम्भव हुन्छ। यसरी, सरकारी खर्च देश निर्माणको मेरुदण्ड हो, जसले समृद्धि तथा नागरिकको जीवनस्तर सुधार गर्न महत्वपूर्ण भूमिका खेल्छ।

१) सरकारी खर्चको उपयोग पारदर्शी र न्यायोचित रूपमा गर्नुपर्ने भन्ने आशयको सुझाव पत्र तयार पारी स्थानीय तहमा पठाउनुहोस्।

श्रीमान् नगरप्रमुखज्यू, मिति:- २०८१/१२/१५

इटहरी, सुनसरी।

विषय :- सुझाव पेस गरिएको सम्बन्धमा।

महोदय,

यस पत्रमार्फत म सरकारद्वारा गरिने खर्च पारदर्शी, प्रभावकारी र न्यायोचित बनाउन आवश्यक पहल गर्न तपाईंलाई अनुरोध गर्दछु। सार्वजनिक स्रोतसाधनको सही उपयोग तथा उचित व्यवस्थापन गरिनु अत्यन्तै आवश्यक छ, जसले नागरिकहरूको कल्याणमा प्रत्यक्ष सकारात्मक प्रभाव पार्दछ।

हाम्रो देशको आर्थिक स्थायित्व दीर्घकालीन रूपमा राम्रो समावेशी विकास, र समृद्धिका लागि सरकारी खर्चको सही योजना तथा कार्यान्वयन हुनुपर्दछ। अनावश्यक खर्च कटौती गरी अत्यावश्यक पूर्वाधार, शिक्षा, स्वास्थ्य तथा सामाजिक सेवामा लगानी गर्नु राष्ट्रको दीर्घकालीन हित हुनेछ। यसका साथै पारदर्शिता अभिवृद्धि गर्न सार्वजनिक निकायहरूले खर्च विवरण नागरिकलाई सजिलै उपलब्ध गराउने व्यवस्था मिलाउनुपर्ने देखिन्छ।

अतः सरकार ~~तथा~~ तथा सम्बन्धित निकायहरूले खर्चको पारदर्शी प्रणाली अपनाई अनावश्यक खर्च ~~न~~ रोक्ने नीति अवलम्बन गरिदिनुहुन विनम्र अनुरोध गर्दछु। यस विषयमा आवश्यक पहल गरिने आशा व्यक्त गर्दछु।

धन्यवाद।

उपमा घिमाल

इटहरी, सुनसरी

(ब) २/१०